# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ५, संख्याः १०, माघ २१ गते, २०७८ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

# कर्मचारी कल्याण कोष सञ्चालन (कार्यविधि) ऐन, २०७८

**सभाबाट स्वीकृत मितिः २०७८।१०।२१**

**प्रस्तावना**: व्यास नगरपालिकामा कार्यरत कर्मचारीहरुका लागि उपदान लगायतका सुविधाहरु उपलब्ध गराउने प्रयोजनका लागि कर्मचारी कल्याण कोषको स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा व्यास नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका कर्मचारी कल्याण कोष सञ्चालन (कार्यविधि) ऐन, २०७८ पारित गरी लागू गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "व्यास नगरपालिका कर्मचारी कल्याण कोष सञ्चालन (कार्यविधि) ऐन २०७८" रहेको छ ।

(२) यो ऐन व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गतेदेखि आषाढ मसान्तसम्मको अवधि सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले व्यास नगरपालिकाको स्थानीय तह तर्फका स्थायी, अस्थायी र करार सेवाका कर्मचारी सम्झनु पर्छ ।

(ग) “कार्यपालिका” भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) “कार्यविधि ऐन” भन्नाले व्यास नगरपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन (कार्यविधि) ऐन, २०७८ सम्झनु पर्छ ।

(ङ) “कोष” भन्नाले व्यास नगरपालिकाका कर्मचारीहरुलाई उपदान जस्ता सुविधाहरु प्रदान गर्ने प्रयोजनका लागि स्थापना भएको कोष सम्झनु पर्छ ।

(च) “तोकिए” वा “तोकिए बमोजिम” भन्नाले व्यास नगरपालिकाको नगर कार्यापालिकाले निर्णय गरी समय समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(ज) “प्रमुख” भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ञ) “संघीय” ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ट) “सञ्चालक समिति” भन्नाले कोष सञ्चालनका लागी गठन भएको सञ्चालक समिति सम्झनु पर्छ ।

(ठ) “सभा” भन्नाले व्यास नगरपालिकाको सभा सम्झनु पर्छ ।

## परिच्छेद २
## कल्याण कोषको स्थापना, उद्देश्य तथा प्रयोग सम्बन्धी व्यवस्था

३. **कल्याण कोषको स्थापनाः** (१) नगरपालिका कर्मचारी कल्याण कोष (सञ्चालन) प्रयोजनका लागि नगरपालिका कर्मचारी कल्याण कोष नामको एक कोष रहने छ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा पहिलो वर्ष नगरपालिकामा हालसम्म कर्मचारी कल्याण कोष शीर्षकमा विनियोजित रकम जम्मा गरिने छ । कोष सञ्चालनका लागि नगरपालिकामा स्थानीय सेवा तर्फका स्थायी, अस्थायी तथा करारका कर्मचारीहरुले पाउने शुरु तलब स्केलको वार्षिक कम्तिमा एक महिना बराबरको रकम नगरपालिकाबाट उक्त कोषमा जम्मा गरिने छ ।

(३) स्थानीय सेवा तर्फका स्थायी प्रकृतिका कर्मचारीहरुको सेवा सुविधा तथा कोषको हकमा संघीय तथा प्रदेश कानुन नबन्दा सम्म यसै ऐन अनुसार हुनेछ ।

(४) माथि उल्लेखित रकम बाहेक उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहने छः

(क) कर्मचारी कल्याण कोषको लागि नगरपालिकाले हालसम्म छुट्याएको रकम,

(ख) अन्य निकायबाट नगरपालिकाको उक्त कोषलाई अनुदान स्वरुप प्राप्त रकम,

(ग) कुनै व्यक्ति, संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(घ) कोषमा रहेको रकमबाट प्राप्त ब्याज रकम,

(ङ) कर्मचारीलाई सुविधा दिने प्रयोजनका लागि नगरपालिकाले विनियोजन गरेको अन्य रकम,

(५) उपदफा (२) बमोजिम कोषमा जम्मा भएको रकम सञ्चालक समितिले तोकेको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा “कर्मचारी कल्याण कोष” को नाममा बचत खाता खोली राखिने छ ।

४. **<u>सदस्यता</u>:** (१) नगरपालिकाको स्थानीय तह तर्फका स्थायी, अस्थायी र करार कर्मचारी स्वतः कल्याण कोषको सदस्य हुने छन् ।

(२) उपदफा (१) बमोजिम प्राप्त सदस्यता प्राप्त त्यस्तो कर्मचारी जुनसुकै कारणबाट सेवा निवृत्त भएपछि सदस्यता स्वतः समाप्ति हुनेछ ।

५. **<u>कोषको उद्देश्य</u>:** (१) स्थानीय तहका स्थायी, अस्थायी तथा करारका कर्मचारीहरुलाई उपदान, सेवा वापतको आर्थिक सहयोग प्रदान गर्नु कोषको प्रमुख उद्देश्य हुनेछ ।

६. **<u>कोषको प्रयोग</u>:** देहाय बमोजिमको कामका लागि कर्मचारी कल्याण कोषको रकम प्रयोग गर्न सकिने छ:

(क) स्थानीय सेवा तर्फका स्थायी, अस्थायी तथा करारका जुनसुकै तवरले नोकरीबाट अलग भएकोमा उपदान लगायतका सुविधा उपलब्ध गराउन ।

७. **<u>कोषको प्रयोग गर्न नपाइने</u>:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाइने छैनः

(क) नियमित प्रशासनिक कार्यका लागि खर्च गर्न,

(ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रुपमा तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(घ) कुनै पनि प्रकारको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(ङ) गोष्ठी, अन्तरकृया वा सभा सम्मेलन सञ्चालन गर्न,

(च) कुनै पनि पूर्वाधार निर्माणका काम गर्न गराउन,

(छ) कर्मचारी कल्याण बाहेक अन्य कुनै पनि कार्य गराउन,

## परिच्छेद ३
## <u>सञ्चालक समिति गठन र बैठक प्रकिया</u>

८. **<u>सञ्चालक समिति</u>:** (१) कर्मचारी कल्याण कोषको सञ्चालन तथा व्यवस्थापनका लागि एक सञ्चालक समिति रहने छ ।

(२) उपदफा (१) बमोजिम गठन गरिने सञ्चालक समितिमा देहाय बमोजिमका पदाधिकारी रहने छन्:

(क) प्रमुख- अध्यक्ष

(ख) कार्यपालिकाले तोकेको कार्यपालिकाको एक महिला सदस्य सहित २ जना -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) नगरपालिकाको प्रशासन शाखा प्रमुख -सदस्य

(ङ) नगरपालिकाको कानुन उपशाखा प्रमुख -सदस्य

(च) नगरपालिकाको वित्तीय व्यवस्थापन शाखा प्रमुख -सदस्य सचिव

**९. सञ्चालक समितिको बैठक:** (१) बैठकको निर्णय सामान्यतया सर्वसम्मतिबाट गरिने छ। सर्वसम्मति कायम हुन नसकेमा अध्यक्ष समेतको बहुमतको निर्णयलाई सञ्चालक समितिको निर्णय मानिने छ।

(२) सञ्चालक समितिको बैठकको काम कारबाही तथा निर्णय अध्यक्ष बाहेक अन्य कुनै पद रिक्त भएको वा कुनै सदस्यको अनुपस्थित भएको कारणले मात्र अमान्य हुने छैन।

**१०. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार:** (१) बैठकबाट पारित निर्णय कार्यान्वयन गर्ने,

(२) कार्यपालिका, नगर सभा र पदाधिकारीसँग समन्वय राखी कोषका लागी आर्थिक स्रोत जुटाउन प्रयास गर्ने,

(३) कोषको आय बृद्धि गर्ने विविध कार्यक्रम सञ्चालन गर्ने,

(४) कोष सञ्चालनका नीति तथा कार्यक्रम निर्माण गर्ने,

(५) हरेक आर्थिक वर्षको हर हिसाबको लेखापरीक्षण गराउने व्यवस्था मिलाउने,

**११. समितिका सदस्य तथा कर्मचारीको उत्तरदायित्व:** (१) कोष सञ्चालक समितिका सदस्य तथा कर्मचारीले यस ऐनको उद्देश्य विपरीत हुने गरी कोषको वितरणमा भेदभाव गर्न वा कोषको दुरुपयोग गर्न पाउने छैन।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी काम गरेको प्रमाणित भएका त्यस्तो कार्यमा संलग्न समितिका सदस्य वा कर्मचारीले पाउने सुविधा रकमबाट जफत गर्न सकिने छ।

**१२. उपदान पाउने:** (१) यो ऐन बमोजिम जम्मा भएको रकमबाट नगरपालिकामा कार्यरत स्थानीय तह तर्फका स्थायी, अस्थायी तथा करारका कर्मचारीले अवकाश प्राप्त गर्दा वा राजिनामा स्वीकृत गराई पदबाट अलग हुँदा पाउने उपदान लगायतका सुविधाहरु यसै कोषबाट प्रदान गरिने छ।

(२) उपदफा (१) बमोजिम पाउने उपदान देहाय बमोजिम उपलब्ध गराइने छ:

(क) स्थायी कर्मचारीको हकमा संघीय र प्रदेश कानुन अनुसार र अस्थायी तथा करार कर्मचारीको हकमा कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन, २०७८ ले तोके बमोजिम हुनेछ।

**१३. सुविधा तथा सहुलियतबाट बञ्चित गरिने अवस्था:** देहायको अवस्थामा नगरपालिकाका अस्थायी तथा करारका कर्मचारीलाई पूरै वा आंशिक रुपमा कर्मचारी कल्याण कोष अन्तर्गत सञ्चालित कार्यक्रममा दिइने सुविधाबाट बञ्चित गर्न सकिने छ।

(क) प्रचलित कानुन विपरीत काम गरेको प्रमाणित भएमा,

(ख) यस ऐन बमोजिम प्राप्त सुविधा तथा सहुलियत दुरुपयोग गरेको प्रमाणित भएमा,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा।

**१४. जुनसुकै शीर्षकबाट भुक्तानी हुने:** स्थायी, अस्थायी वा करारका कर्मचारी अवकाश हुँदा वा अन्य कारणले ती कर्मचारीलाई रकम उपलब्ध गराउनु पर्ने अवस्थामा कोषमा रकमको अभाव वा कमी भएमा अन्य जुनसुकै शीर्षकबाट कर्मचारी कल्याण कोषमा बजेट रकमान्तर गरी भुक्तानी गरिने छ।

## परिच्छेद ४
## कोषको सञ्चालन, लेखा तथा लेखापरीक्षण

**१५. कोषको खाता:** (१) नगरपालिकाले कर्मचारी कल्याण कोषका लागि अलग्गै विशेष बचत खाता नेपाल सरकारबाट मान्यता प्रापत बैंकमा खोल्ने छ।

१६. **खाता सञ्चालनः** (१) कोषको आर्थिक कारोबारका लागि बैंक खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र वित्तीय व्यवस्थापन शाखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१७. **कोषको आयव्ययको लेखा तथा सोको सार्वजनीकरणः** (१) कोषको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम राखिने छ ।

(२) कोषले कार्यपालिकाले तोके बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र वार्षिक आयव्ययको विवरण समेत खुल्ने गरी वार्षिक प्रदिवेदन तयार गरी कार्यपालिका मार्फत नगर सभा समक्ष पेश गर्नु पर्नेछ ।

१८. **लेखापरीक्षणः** (१) कोषको आन्तरिक लेखा परीक्षण नगरपालिकाको अन्तारिक लेखा परीक्षण शाखा वा प्रदेश कानुनले तोके बमोजिम हुनेछ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(३) लेखापरीक्षण प्रतिवेदन कार्यपालिका मार्फत नगर सभामा पेश गर्नु पर्नेछ ।

१९. **रकम फ्रिज नहुनेः** (१) दफा ३ को उपदफा (२) बमोजिम कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभइ कोष मै रहने छ ।

## परिच्छेद ५
## विविध

२०. **निर्देशन दिन सक्नेः** कोष सञ्चालन सम्बन्धी विषयमा कार्यपालिका वा नगर सभाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

२१. **सहयोगका लागी आव्हान गर्न सक्नेः** कुनै कारणले कर्मचारी कल्याण कोषमा रकम अभाव भई भुक्तानी गर्न समस्या उत्पन्न भएमा नगरपालिकाले प्रदेश तथा केन्द्र सरकार समक्ष सहयोगका लागि आव्हान गर्ने सक्नेछ ।

२२. **दायित्व सर्नेः** यो ऐन प्रारम्भ हुनुभन्दा अघि सिर्जना भएका नगरपालिकाको कर्मचारी कल्याण कोषसँग सम्बन्धित हक तथा दायित्व यस ऐन बमोजिम कोषमा सर्नेछ ।

२३. **बचाउः** यो ऐन प्रारम्भ हुनुभन्दा अघि नगरपालिकाको कर्मचारी कल्याण कोषको नाममा भए गरेका सम्पूर्ण कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ । स्थायी प्रकृतिका कर्मचारी कल्याण कोषको हकमा संघीय वा प्रदेश कानुन नबन्दासम्म यसै ऐनमा व्यवस्था भए बमोजिम कार्यविधि निर्माण गरी कार्यान्वयनमा लगिने छ ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत